Vangmaya
Vol. 22, No. 1: 1-10, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85310
Orcid: https://orcid.org/0009-0004-5743-742X

# *सिँगारी बाख्रा* र *लाहुरी भैंसी* कथामा पशुमनोविज्ञान

**डा. अशोक थापा***

## लेखसार

*कथाकार रमेश विकलका सिँगारी बाख्रा र लाहुरीभैंसी प्रख्यात र बहसयोग्य कथा हुन् जसमा पशुमनोविज्ञानको प्रयोग केकसरी भएको छ भनी यस लेखमा सोधन गरिएको छ । पशुमनोविज्ञान साहित्यविश्लेषणको नयाँ र महत्त्वपूर्ण क्षेत्र हो जसले मानव र जनावरबीचको भावनात्मक, सामाजिक र नैतिक सम्बन्धलाई उद्‌घाटन गर्छ। नेपाली साहित्यमा जनावरलाई प्रतीक, संवेदना र आलोचनात्मक विमर्शका उपकरणको रूपमा चित्रण गर्ने परम्परा विस्तार हुँदै गएको छ । प्रस्तुत लेखमा यी दुई कथामार्फत पशुमनोविज्ञानको प्रयोग र प्रभावमाथि गहिरो विश्लेषण गरिएको छ । यस अध्ययनमा गुणात्मक विधि अपनाइएको छ। कथाभित्रका जनावर पात्र बाख्रा र भैंसीका व्यवहार, भावना र सामाजिक अन्तरक्रियालाई पशुमनोविज्ञानको दृष्टिकोणबाट विश्लेषण गरिएको छ । साथै अङ्ग्रेजीमा उपलब्ध पशुमनोविज्ञानसम्बन्धी सैद्धान्तिक आधारलाई सन्दर्भस्वरूप उद्धृत गरी तुलनात्मक पद्धतिबाट निष्कर्षमा पुगिएको छ । सिँगारी बाख्रा कथामा बाख्राको आत्मसम्मानमा चोट, सामाजिक उपेक्षा र योगदानप्रति नजरअन्दाज गरी ऊभित्रको गहिरो संवेदनशीलतालाई उजागर गरिएको छ । ऊ केवल घरेलु जनावरमात्र होइन, सम्मान र पहिचानको खोजीमा लागेको चेतनशील प्राणीको रूपमा चित्रित छ । लाहुरीभैंसी कथामा बालक र भैंसीबीचको आत्मीय सम्बन्ध, मानिसहरूको स्वार्थपरक व्यवहार र जनावरप्रतिको सामाजिक दृष्टिकोणको आलोचना गरिएको छ । भैंसीको उपयोगिताभन्दा बाहिर निस्केर, कथाले यसलाई अनुभूतिपूर्ण र प्रतिक्रियाशील पात्रको रूपमा उभ्याएको छ। यी दुवै कथाले जनावरलाई केवल उपयोगिताका माध्यमको रूपमा नभई संवेदनशील, सोच्न सक्ने र सामाजिक अन्तरक्रियामा संलग्न प्राणीका रूपमा चित्रण गरेका छन् । मानवसमाजमा जनावरप्रतिको व्यवहार केवल करुणा वा मायामात्र होइन बरु सामाजिक दबाव, स्वार्थ र उपेक्षाबाट पनि निर्देशित हुन्छ भन्ने यथार्थ कथामा प्रस्तुत गरिएको छ । यसले नेपाली साहित्यमा पशुमनोविज्ञानको प्रयोगको सम्भावनालाई उजागर गर्नुका साथै पारिस्थितिकीय चिन्तन, मानवेतर विमर्श र नैतिकताको पुनर्व्याख्याको ढोका खोलिदिएको छ । रमेश विकलका सिँगारी बाख्रा र लाहुरी भैंसी कथाले नेपाली कथासाहित्यमा पशुमनोविज्ञानको प्रयोगको सशक्त दृष्टान्त प्रस्तुत गरेका छन् । यी दुवै कथाले पाठकलाई जनावरप्रतिको दृष्टिकोण पुनर्विचार गर्न प्रेरित गर्नुका साथै तिनको मनोवैज्ञानिक जीवनलाई गम्भीरताका साथ मूल्याङ्कन गर्न आग्रह गर्छन्। यी कथामा जनावरलाई प्रतीकका रूपमा उभ्याएर मानव चिन्तनमा विकास भएको उपभोगवादी सोंच र सामाजिक अन्तर्सङ्घर्षलाई चित्रण गरिएको छ । पशुमनोविज्ञानलाई केन्द्रमा राखी गरिएको यो अध्ययन भविष्यका अनुसन्धानकर्ताका लागि एक सशक्त सन्दर्भसामग्री बन्ने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी** : निर्भरता, प्रतीकात्मकता, संवेदना, सम्बन्ध, सामाजव्यवहार ।

## विषयपरिचय

रमेश विकल (वि.सं. १९८५-२०६५) नेपाली साहित्यका एक विशिष्ट कथाकार हुन् जसले प्रगतिशील चेतनाले भरिएका कथा लेखेका छन् । उनका कथामा बालमनोविज्ञान, वर्गीय संरचना तथा समाजमनोविज्ञानको विषय उठान

* डा. थापा नेपाली केन्द्रीय विभागमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

गरिएको हुन्छ । उनले आफ्ना कथामार्फत् व्यङ्ग्यको शालीन रूप प्रस्तुत गरेका छन् जुन समाजको गहिरो विश्लेषणमा आधारित हुन्छ । उनका *विरानो देशमा* (२०१६), *नयाँसडकको गीत* (२०१८), *एउटा बूढो भ्वायलिन आशावरीको धूनमा* (२०२५), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *शव, सालिक र सहस्र बुद्ध* (२०४३) र *उर्मिला भाउजू* (२०३५) उल्लेखनीय छन् । उनका सम्पूर्ण कथा समेटिएको *रमेश विकल समग्र* (२०८१) ग्रन्थ पनि प्रकाशित छ ।

विकलका कथामा गाउँको जीवनशैली, स्थानीय संस्कार तथा जनजीवनलाई जीवन्त रूपमा प्रस्तुत गरिएको पाइन्छ । ग्रामीण परिवेशका बिम्ब र रूपक प्रयोग गर्दै समाजमनोविज्ञानको सजीव चित्रण गरेका उनका कथाले गहिरो सामाजिक अन्तर्वस्तु बोकेका हुन्छन् । बालमनोविज्ञान र गरिबवर्गको मनोचेतनालाई प्रस्तुत गर्नु उनका कथाको अर्को विशेष पक्ष हो । सामाजिक संरचनाका तहगत जटिलता र सूक्ष्मतासहित उनले कथा लेखेका हुन्छन् ।

मानव र जनावरबीचको अन्तरसम्बन्ध, परिवारभित्रका कारुणिक परिस्थिति र पशुमनोविज्ञानको कलात्मक प्रयोग विकलका कथाको केन्द्रीय पक्ष हुन् । खासगरी पशुमनोवैज्ञानको पाटोलाई संवेदनशील ढङ्गले प्रस्तुत गर्नु उनको लेखनको बलियो पक्ष मानिन्छ । यद्यपि जनावरमा अन्तर्निहित अनुभूति र भावनात्मक अवस्थालाई केन्द्रमा राखेर नेपालीमा अध्ययन भएको छैन ।

*सिँगारी बाखा* र *लाहुरी भैँसी* कथा जनावरको मनोविज्ञानलाई केन्द्रमा राखेर लेखिएको छ । पहिलो कथामा बाखाको दृष्टिकोणबाट उसको मनोदशा प्रस्तुत गरिएको छ भने दोस्रो कथामा मानिसको पशुप्रतिको स्नेह, स्वार्थ र संरक्षण खोज्ने प्रवृत्तिको चित्रण गरिएको छ । यी कथामा जनावर केवल आर्थिक स्रोतका रूपमा होइन, मानवीय संवेदना, पारिवारिक सम्बन्ध, बालमनोविज्ञान र सामाजिक सम्मानअपमानसँग पनि गहिरो रूपमा सम्बन्धित छन् । यसरी *सिँगारी बाखा* र *लाहुरी भैँसी*मा पशुमनोविज्ञान कति प्रभावकारी रूपमा प्रयोग गरिएको छ भन्ने विषयमा गम्भीर प्राज्ञिक अनुसन्धान अपरिहार्य देखिन्छ । यो अध्ययन त्यसै उद्देश्यका लागि एक महत्त्वपूर्ण कदम हुनसक्छ ।

## अध्ययनविधि

प्रस्तुत आलेखमा पुस्तकालयीय स्रोतबाट सामग्रीसङ्कलन गरिएको छ । यहाँरमेश विकल समग्र ग्रन्थअन्तर्गतको कथा खण्डबाट *सिँगारी बाखा* र *नयाँ सडकका गीत* कथासँगालोबाट *लाहुरी भैँसी* छनोट गरिएको छ । यो यस अध्ययनका लागि प्राथमिक स्रोत हुन् । ती कथाको विश्लेषण विषयवस्तुकेन्द्री विवेचना गर्ने पद्धतिमा आधारित छ । अध्ययनका लागि अङ्ग्रेजी, हिन्दी र नेपाली भाषामा उपलब्ध पशुमनोविज्ञान वा जीवमनोविज्ञानसम्बन्धी सिद्धान्तलाई आधार बनाइएको छ । ती सिद्धान्तको माध्यमबाट नेपाली साहित्यमा पशुप्रति देखिने मानवीय संवेदना, आश्रय, अन्तरसम्बन्ध, सामाजिक व्यवहार र प्रतीकात्मकताजस्ता सूचक पहिचान गरी कथाको विश्लेषण गरिएको छ । सिद्धान्तको निर्माणमा निगमन पद्धति र विश्लेषणको प्रक्रियामा आगमन पद्धतिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

मानिस सामाजिक प्राणी हो र उसले प्रारम्भिक युगदेखि नै जनावरसँग विविध सम्बन्ध र व्यवहारको विकास गर्दै आएको छ । मनोविज्ञानको एउटा विशेष उपशाखा जीवमनोविज्ञान अथवा पशुमनोविज्ञानले जनावरको व्यवहार, अनुभूति र भावनात्मक प्रतिक्रियाको अध्ययन गर्दछ । नेपाली लोकसाहित्यमा पनि आदिकालदेखि जनावरको संवेग र गतिविधिलाई कलात्मक रूपमा प्रस्तुत गर्ने परम्परा रहिआएको छ । यद्यपि नेपाली साहित्यमा जीवमनोविज्ञानको सामान्य उल्लेख पाइए तापनि विशुद्ध पशुमनोविज्ञानलाई केन्द्र बनाएर गरिएको अध्ययन भने प्रायः देखिँदैन । स्रष्टाले साहित्यमा जनावरको मानसिक संसारको अन्वेषण केवल वैज्ञानिक जिज्ञासाको प्रतिबिम्ब स्वरूप मात्र होइन, मानवीय व्यवहारको आलोचना गर्न, सामाजिक विकृति उजागर गर्न र मानवेतर प्राणीप्रति सहानुभूति अभिव्यक्त गर्नसमेत गरेका हुन्छन् ।

साहित्यमा पशुमनोविज्ञानअन्तर्गत मानवले जनावरलाई चेतना, पहिचान र सहानुभूतिको तहबाट केकसरी हेर्दछ भन्ने खोजी गरिन्छ। साहित्यमा जनावरलाई प्रयोग गर्दा प्रायः तिनीहरूका विचार, भावना र भित्री जीवनको परिकल्पना पनि गरिएको हुन्छ। साहित्यमा पशुमनोविज्ञानको सवाल पशुअध्ययन, मानवेतरवाद र पारिस्थितिक आलोचनाजस्ता सैद्धान्तिक पक्षबट हेर्न सकिन्छ। साहित्यमा पशुमनोविज्ञानको सोधन गर्दा जनावरका व्यवहारिक र संज्ञानात्मक कार्यको अवलोकन गरिनु पर्छ (ग्रिफिन, सन् २००१, पृ. ६८)। यद्यपि यसको विपरीत साहित्यले प्रतीकात्मक, भावनात्मक र प्रायः मानवरूपी आयाममार्फत जनावरलाई हेर्ने गरेको छ।

जोन बर्गर नामक विद्वान्‌ले के तर्क गरेका छन् भने उत्तरआधुनिकताले मानिसहरूलाई जनावरबाट टाढा बनाएको छ (बर्गर, सन् १९८०, पृ. १०४) तथापि साहित्यले जनावरको भावनाको पुनः कल्पना गरेर र अन्तरप्रजातिको आत्मीयता पुनः प्राप्त गर्दै यो दूरीलाई कम गर्न सकिन्छ।

मानवतावादीहरू के तर्क राख्छन् भने साहित्यमा लेखकले जनावरलाई मानवीय गुणको लेपन त गर्न सक्छन् तर यसले तिमीहरूमा मानवका विचारधारा जवर्जस्ती थोपर्ने सम्भावना रहन्छ। यो काल्पनिक त हुनसक्छ तर यसबाट हामी जनावरका अन्तर्यमा प्रवेश गर्ने मार्ग भने बनाउन सक्छौं (वेल, सन् २०१२, पृ. ३५)। यसले के देखाउँछ भने मान्छे र जनावरबीचको पारस्परिक दूरी घटाउन साहित्यले ठूलो भूमिका निर्वाह गर्नसक्छ। यद्यपि यो पूर्णकल्पनामा मात्र आधारित भने हुनु हुँदैन।

जीवमनोविज्ञान मूलतः जनावरको व्यवहारको जैविक आधारसँग गहिरो सम्बन्धित शाखा हो। यसले जीवविज्ञान र मनोविज्ञानबीचको अन्तर्सम्बन्ध स्पष्ट गर्छ। सबै प्रकारका व्यवहारहरू अन्ततः शरीरमा हुने जैविक प्रक्रिया विशेषतः मस्तिष्कद्वारा नियन्त्रित सङ्गठित प्रतिक्रियाबाट सञ्चालित हुन्छन्। मस्तिष्क मानवशरीरको विभिन्न अङ्गबीच समन्वय गराउने प्रमुख केन्द्र हो र यसले सबै जटिल व्यवहारको नियन्त्रकका रूपमा कार्य गर्दछ। आनुवंशिकी जीवविज्ञानको एक शाखा जसले वंशानुगत विशेषताको अध्ययन गर्छ र यो मनोविज्ञानसँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित छ। वैज्ञानिकहरूले के पत्ता लगाएका छन् भने विभिन्न मानसिक अवस्था जस्तैः न्यूरोसिस, मानसिक सुस्तता वा मनोविकृतिमा वंशानुगत तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। यिनै अनुसन्धानले मानिसको बौद्धिक क्षमतामा समेत जीनको प्रभाव देखाएका छन्। हालका वर्षहरूमा अन्तःस्रावी ग्रन्थिद्वारा स्रावित हार्मोनले पनि व्यवहारलाई उल्लेखनीय रूपमा प्रभावित गर्ने प्रमाणित भएको छ। स्वभाव, भावना र प्रतिक्रिया यी धेरै हदसम्म यिनै रासायनिक कारकको प्रभावमा रहने गरेका छन् (इग्नोउ ज्ञानकोश, सन् २०२०, पृ. ११६)। यस्ता जैविक र मनोवैज्ञानिक सन्दर्भहरूलाई जब साहित्यमा समाहित गरिन्छ तब जनावरहरूको मनोविज्ञानमार्फत मानवीय अस्तित्व, सम्बन्ध र संवेदना झल्काउने विशेष अवसर सिर्जना हुन्छ।

अन्ना सेवेलको *ब्ल्याक ब्युटी* (१८७७) उपन्यासमा घोडाको अन्तरात्मा र अनुभूतिको संसारलाई सजीव रूपमा उजागर गरिएको छ। सेवेलले जनावरलाई आवाज प्रदान गरेर त्यसको अनुभूति र संवेदनालाई मानवीय स्वरूप दिन्छिन्। विशेषतः मानवीय क्रूरता सन्दर्भमा जनावरले भोग्ने पीडाको गहिरो बोध गराउन यो उपन्यास सफल भएको छ। यसरी प्रस्तुत गरिएको मानवीकृत चित्रणले पाठकलाई जनावरको मनोवैज्ञानिक संसारप्रति संवेदनशील र विचारशील बन्न प्रेरित गर्छ (सेवेल, सन् १८७७, पृ. ७)। जनावरप्रति संवेदनशील हुन आह्वान गरेको यो उपन्यासले पशुमनोविज्ञानको एक आधार संवेदनशीलता हो मानेको छ।

जर्ज ओरवेलको *एनिमल फार्म* (१९४५) ले जनावरलाई प्रतीकात्मक रूपमा मात्र नभई तर्क, रणनीति र विश्वासघात महसुस गर्न सक्षम प्राणीको रूपमा प्रयोग गर्दछ। नेपोलियन र बक्सरजस्ता पात्रलाई दिइएको मनोवैज्ञानिक जटिलताले जनावरहरूको ज्ञान र राजनीतिक गतिशीलता दुवैमा अन्तर्दृष्टि प्रदान गर्दछ (ओरवेल, सन् १९४५, पृ. ७९)। साहित्यमा

जनावरको मनोविज्ञानलाई केलाउन यो काम उल्लेखनीय दृष्टान्त बन्नसक्छ । यसबाट जनावरको मनोविज्ञान र प्रतीकात्मकतालाई लिन सकिन्छ ।

बारबरा गौडीको *द ह्वाइट बोन* (१९९८) जस्ता समकालीन कृतिहरूले जनावरको चेतनामा गहिरो अध्ययन गर्छन् । यो उपन्यासमा हात्तीको दृष्टिकोणबाट कथा भनिएको छ र स्मृति, क्षति र आघातजस्ता विषयवस्तुहरूको अन्वेषण गरिएको छ । यो मानिसको लागि अद्वितीय मानिन्छ तर यहाँ गहिराइ र विश्वसनीयता भएका जनावरहरूलाई श्रेय दिइएको छ (गौडी, सन् १९९८, पृ. ७३) । यसबाट जनावरप्रति मानवीय नर्भरता वा आश्रयलाई उजागर गर्छ ।

साहित्यमा पशु मनोविज्ञानले पारिस्थितिक आलोचनावाद र मानवेतरवादसँग पनि अन्तर्क्रिया गर्दछ किनकि लेखकले बुद्धिमत्ता र भावनात्मक क्षमताको मानवकेन्द्रित विचारहरूमा प्रश्न उठाउँछन् । जे.एम. कोएत्जीको *द लाइभ्स् अफ एनिमल्स* (१९९९) मा एक नायकलाई प्रस्तुत गरिएको छ जसले के तर्क गर्दछ भने जनावरहरू निम्न प्राणीहरू होइनन् तर समृद्ध आन्तरिक जीवनहरू छन् जुन मानिसहरूले चिन्न असफल हुन्छन् (कोएत्जी, सन् १९९९, पृ. ६६) । मानवले एककेन्द्री दृष्टिबाट मात्र जनावरलाई हेर्ने गरेको यथार्थलाई यसले प्रस्तुत गरेको छ । यसबाट जनावरप्रति मान्छेको सामाजिक व्यवहार र सम्बन्धलाई प्रस्ट्याएको छ ।

अङ्ग्रेजी साहित्यमा जनावरलाई संवेदनशील, सोच्ने प्राणीको रूपमा प्रतिनिधित्व गर्ने, मानव र गैर-मानवबीचको खाडललाई कम गर्ने र पाठकहरूलाई अन्य प्रजातिप्रतिको आफ्नो नैतिक जिम्मेवारीहरू पुनर्विचार गर्न आमन्त्रित गर्ने रूपमा विकसित भएको छ । हिन्दी र नेपाली साहित्यमा पशुमनोविज्ञानलाई लिएर साहित्य सृजना भए पनि यसको अध्ययन र अनुसन्धान भएको छैन । नेपाली साहित्यमा लोकसाहित्यमा, बालसाहित्यमा जनावरको अधिक प्रयोग गरिएको पाइन्छ । *तोतामैनाको कथा, भँगेराभँगेरीको गीत, शाबित्रीको बाख्रो, सिँगारी बाख्रा, लाहुरी भैंसी* आदि दृष्टान्तका रूपमा चर्चा हुनसक्छन् ।

माथि उल्लिखित ग्रन्थबाट के थाहा लाग्छ भने साहित्यमा पशुमनोविज्ञान नियाल्नको लागि भावनात्मक संवेदना, सम्बन्ध, निर्भरता, सामाजिक व्यवहार, प्रतीकात्मकता जस्ता विश्लेषणका अवधारणा बन्न सक्छन् जसको चर्चा यसप्रकार गरिएको छ ।

## विमर्श र परिणाम

रमेश विकलका *सिँगारी बाख्रा* र *लाहुरी भैंसी* कथामा पशु (बाख्री र भैंसी) लाई संवेदनशील अवस्थाको रूपमा प्रयोग गरिएको छ । भैंसीलाई हाम्रो समाजमा उपल्लो वर्गका व्यक्तिले आर्थिक रूपमा निम्छरो व्यक्तिलाई दमन गर्ने सन्दर्भमा प्रयोग गरिएको छ भने बाख्रालाई स्खलित हुँदै गएको मानवीताको दृष्टान्तको रूपमा प्रयोग गरिएको छ । पूर्वधारणाका आधारमा पात्र लुखुरेले उन्नत जातको भैंसी खोजेर ल्याउनु, आफ्नो गोठमा ल्याएपछि पनि मुसार्दै सुसार गर्नु तर भैंसीमा खोटी छ भन्ने ज्ञात (छद्मज्ञान) भएपछि आफ्नो मनस्थितिमा परिवर्तन ल्याएको छ र उसले भैंसीलाई गर्ने व्यवहारमा फेरबदल ल्याएको छ । *सिंगारी बाख्रा*मा पण्डित-पण्डित्नीले बाख्राले पाठापाठी उत्पादन गर्ने समयमा गरेको व्यवहार र बुढी हुँदैगएको समयमा गरेको क्रियाकलापमा भिन्नता देखिएको छ । *लाहुरी भैंसी*मा भैंसीको पक्षबाट कुनै कुरा अभिव्यक्त नगरिए पनि मानवीय व्यवहार र परेको बेलामा पशुलाई हतियार बनाउने मानवीय प्रचलनलाई देखाइएको छ । यी दुवै कथामा जनावरको प्रयोग मूलतः प्रतीकात्मक ढङ्गले गरिएको छ ती प्रतीकहरू केवल सतही रहनुका सट्टा जनावरका अन्तर्मनको भावनात्मक जटिलता र अनुभूतिजन्य संसारको सूक्ष्म अन्वेषणमा केन्द्रित छन् (मैनाली, २०८०, पृ. १) । लेखकले जनावरहरूको मनोवैज्ञानिक पक्षलाई उजागर गर्दै तिनको संवेदना, पीडा, र आत्मिक उपस्थितिलाई संवेदनशील ढङ्गले चित्रण गरेको विमर्श गरिएको छ र यसैका आधारमा निष्कर्षण गरिएको छ ।

## भावनात्मक संवेदना

साहित्यमा पशुमनोविज्ञानको सन्दर्भमा भावनात्मक संवेदनशीलताले जनावरलाई मानिसले दिन डर, शोक, आनन्द, प्रेम वा सहानुभूतिलाई बुझाउँछ । यो अवधारणाले मानिसमा मात्र भावनात्मक जीवन हुन्छ भन्ने परम्परागत दृष्टिकोणलाई चुनौती दिन्छ । जनावरका पनि भित्री अनुभव हुन्छन् जुन मान्यता र सम्मानको योग्य छन् । जस्तैः बाछो मर्दा गाईले शोक गर्नु, हात्ती, बाँदरजस्ता जनावरले निकटको मृत्यु हुँदा सामूहिक चिन्ता व्यक्त गर्नु, मालिकको मृत्यु हुँदा कुकुर रुनु आदि । यहाँ *सिँगारी बाखा* र *लाहुरी भैंसी* कथामा भावनात्मक संवेदनाको विवेचना गरिएको छ ।

*सिँगारी बाखा* पशु भए पनि त्यो कुनै निर्जीव वस्तु देखिँदैन उसको घरमुलीसँग भावनात्मक सम्बन्ध देखिन्छ । उसले मान्छेहरूको व्यवहार परिवर्तनको अपेक्षा गरेको छ । उसले पीडा महसुस गर्छ, मन दुखाउँछ, रुन्छ, रिसाउँछ, असन्तुष्ट हुन्छ यी सबै भावनात्मक प्रतिक्रिया पशुको मनोविज्ञानमा पर्ने विषय हुन् । यसबाट बाखाप्रति घरमालिक संवेदनशील नभएको देखिन्छ । संवेनशील भए पनि उसले उत्पादन दिने पाठापाठीको लोभमा उनीहरू आकर्षित भएको देखिन्छ । कथमा आएको तलको भनाइले यो कुराको पुष्टि गर्छ :

> झन् अहिले अशक्त भएपछि मान्छेले वास्ता गर्न विस्तारै छोडेको अनुभव उसलाई साह्रै पीडा दिने हुन्थ्यो । (विकल, २०८१, पृ. १४९)

यो कथांशबाट सिँगारीले अपेक्षा गरेको प्रेम, ध्यान तर उपेक्षाप्राप्तिको घटनाबाट मानवको जनावरप्रति रहने असंवेदनशील व्यवहार र भेदभावपूर्ण भावनात्मक चेतलाई बुझ्न सकिन्छ । मान्छेहरू आफ्नो आर्थिक लाभ र स्वार्थका लागि सिँगारी बाखा गर्भिणी भएको अवस्थामा वास्ता गरेको जस्तो गर्छन् भने जब उमेर ढल्किँदै जान्छ उनीहरूले बेवास्ता गरिएको छ ।

सिँगारीले आफूलाई 'पशु' भनेर मान्छेद्वारा हेपिएको र अवहेलना गरिएको महसुस गरेको छ । ऊ एक सामाजिक प्राणीको रूपमा आफूमा भएको दुर्व्यवहार देख्दा आन्तरिक रूपले पिडित देखिएको छ ।

> केवल थोरै निष्ठाको मामुली व्यवहारले पनि ऊ त्यति सारो दुःखी हुने थिइन होला किन्तु मालिक मालिक्नीको आफूप्रति किन यतिसारो उपेक्षा ? (विकल, २०८१, पृ. १५१)

वर्षौंसम्म सिँगारी केवल पण्डित परिवारका लागि पाठापाठी उत्पादन गर्ने साधनका रूपमा देखिएको छ । जवान हुँदा वा उत्पादनशील रहँदा ऊसँग गरिएको व्यवहार र बूढो भएपछि मासुका लागि बिक्री गर्दाखेरीको घटनाले मानवीय संवेदना स्वार्थले भरिएको देखिन्छ ।

*लाहुरी भैंसी*लाई कोषौं कोष हिँडाएर कथामा क्रयविक्रय गरिएको घटनाले पशुप्रति मानवले गरेको असंवेदनशील घटनाको पुष्टि हुन्छ । लाहुरी राम्रो भैंसी हो । ऊ दुधालु छ । ऊ उन्नत जातको हो भन्ने बोध हुँदा गरिएको व्यवहार एक प्रकृतिको देखिन्छ तर एकाएक द्वारेबाले यो भैंसी रोगी र भैंसीमा खराबी भएको भ्रम छरेपछि लाहुरीप्रति लिखुरे र उसको परिवारले दर्शाएको व्यवहार ठ्याक्कै उल्टो छ ।

*लाहुरी भैंसी*ले मानव संवेदनालाई धेरै तहमा अवलोकन गर्छ । भावनात्मक र संवेदनाका हिसाबले कथामा लुखुरेले भैंसी ल्याउँदा उसले त्यसलाई अत्यधिक स्नेह र ममताको आँखाले हेरेको छ । लाहुरी भैंसी केवल एक पशु होइन यो लुखुरेको परिवारको सपना, आशा र सामाजिक सम्मानको प्रतीक बनेर उभिएको छ । लुखुरेले भैंसीको शरीरमा हातले मुसार्ने, उसलाई आफ्नै हातले खोले खुवाउने, सफा गर्ने जस्ता व्यवहार भित्र उसको भावनात्मक संवेग, अपनत्व र

मातृत्व भावनालाई व्यक्त गर्दछ । यो पशुमनोविज्ञानसँग गहिरो रूपमा सम्बन्धित भएको प्रस्टिन्छ । यहाँ पशुलाई एक जीवन्त, भावनात्मक, अनुभूति गर्ने अस्तित्वको रूपमा व्यवहार गरिएको छ । उदाहरणका लागि :

> ऊ लाहुरीको जीउमा अति ममताले मुसार्न थाल्यो...(विकल, २०८१, पृ. २६)

यसरी लुखुरेले भैंसीलाई देखाएको ममता, लाहुरीलाई कल्पवृक्ष सम्भिmनु आफ्ना भावनात्मक रिक्तता र अभाव पशुमार्फत पूर्ति गर्न खोजेको बुझिन्छ । एकतिर कथामा पशुमनोविज्ञानको आघात देखिन्छ भने गरिबप्रति उच्च वर्गले देखाएको असंवेदनशीलताको दृष्टान्त पनि बनेको छ ।

## सम्बन्ध

साहित्यमा मानव पात्रको भावनात्मक संसारलाई प्रतिबिम्बित गर्न वा तीव्र पार्न भावनात्मक रूपमा संवेदनशील जनावरहरूको प्रयोग गरिएको हुन्छ । यसले पाठकहरूमा सहानुभूति निर्माण गर्न सक्छ र मानव र गैरमानव जीवनबीचको सीमा भत्काउन सक्छ । यस्ता प्रतिनिधित्वले प्रायः जनावरहरू र प्रकृतिप्रतिको मानव व्यवहारको आलोचना गर्छन् । मानवपशु सम्बन्धका सन्दर्भमा उसका अधिकारका बारेमा पनि संवेदनशील रहेको देखिन्छ । अङ्ग्रेजी साहित्यमा अन्ना सेवेलको *ब्ल्याक ब्यूटी*मा घोडाले गहिरो भावनात्मक प्रतिबिम्बको साथ आफ्नै कथा वर्णन गरेको छ । यसले पशुक्रूरताको विरुद्ध बलियो मुद्दा उठाएको छ । जर्ज ओर्वेलको *एनिमल फार्म*मा जनावरहरूले डर, आशा र विश्वासघात व्यक्त गरेको देखाइएको छ । यसले जनावरका माध्यमबाट राजनीतिक र भावनात्मक सन्देश व्यक्त गरेको देखिन्छ । यसैले पशु र मानव अन्तर्सम्बन्ध भनेको सभ्यताको विकासक्रमसँगै विकास भएको अवधारणा हो ।

नेपाली साहित्यमा जनावरहरूलाई भावनात्मक र संवेदनशील रूपमा चित्रण गरिएका निबन्ध र आख्यान पाउन सकिन्छ जसले जनावरहरूलाई वातावरणीय परिवर्तनप्रति शोक मनाउने वा मानिससँग बन्धन बनाउन अवस्थाको चित्रण गर्दछ जुन प्रायः पारिस्थितिक क्षयको आलोचना गर्न प्रयोग गरिन्छ ।

*सिँगारी बाखा*कोले शरीर तन्दुरुस्त हुँदा ममता पाएको थियो तर जब उसको शरीरले बूढो र सिथल हुन थाल्छ उसलाई उपेक्षा गरिन्छ । मानव-पशु सम्बन्धमा खाली उपयोगिताले भूमिका निर्वाह गर्दछ । जब उपयोग सकिन्छ तब माया पनि सकिँदै गएको विडम्बनालाई कथामा यसरी देखाइएको छ ।

> ऊ अब प्रत्यक्ष पाइरहेकी थिई, पण्डितनी बज्यै अघि जुन निष्ठा र जुन प्रेमको उत्साहले उसको सेवा सुसार गर्थिन्, आज त्यसको दस अंशको एक अंश पनि गर्दिनन् । जसरी उसले खाए नखाएको खूब हेरविचार खोजीनिती हुन्थ्यो, आज त्यो हुँदैनथ्यो अनि उसको मन साह्रैसँग कुँडिन्थ्यो र ऊ धुरुधुरु रुन्थी । (विकल, २०८१, पृ. १४९)

यस कथांशमा जनावर र मानवबीचको सम्बन्धलाई प्रस्ट्याउँदै उमेर कलिलो हुँदा र बुढिँदै जाँदा ‘सिँगारी बाखा’लाई मालिकमालिक्नीको उपेक्षा र बाखीले आफ्नो र मानवको सम्बन्धगत अनिष्टतालाई बुझाइएको छ । *लाहुरी भैंसी* कथामा जनावर र मानवबीचको भावनात्मक सम्बन्ध प्रभावकारी रूपमा यसरी प्रस्तुत भएको छ ।

> उसले लाहुरीतिर अत्यन्त स्नेह र ममताको आँखाले हेऱ्यो । सन्ध्याको शितल हावाको स्पर्श उसलाई त्यति बेला भाग्यको मृदु हातले स्पर्शझैँ लाग्यो, आमाको स्नेहको सुमसुम्याइझैँ लाग्यो । ऊ विस्तारै लाहुरीतिर गयो-गजबको लाहुरी भैंसी ! (विकल, २०६७, पृ. २६)

प्रस्तुत कथांशमा लुखुरे (मुख्य पात्र) र उसले ल्याएको लाहुरी भैंसीबीचको नातालाई अत्यन्त आत्मीय र भावनात्मक रूपमा चित्रण गरेको छ । लुखुरेले भैंसीलाई केवल सम्पत्ति वा श्रमको स्रोतका रूपमा होइन, जीवनका सपनाहरू,

परिवारको खुसी र मातृत्वसमान स्नेहका प्रतीकका रूपमा हेरेको छ । 'आमाको स्नेहको सुमसुम्याइझैँ' भन्ने वाक्यांशले जनावरप्रतिको मानवीय संवेदना र भावनात्मक सम्बन्धलाई गहिरो रूपमा प्रकट गरेको छ ।

## निर्भरता

साहित्यमा पशुमनोविज्ञानको सन्दर्भमा निर्भरताले बाँच्न, आराम, मार्गदर्शन वा सामाजिक बन्धनको लागि अर्को प्राणी प्रायः मानव वा अन्य जनावरको भावनात्मक, मनोवैज्ञानिक वा शारीरिक निर्भरता देखिन्छ । साहित्यिक पाठमा प्रयोग गर्दा यो अवधारणाले प्रायः प्रतीकात्मक वा विषयगत भार बहन गरेको देखिन्छ । साहित्यमा घरपालुवा जनावरहरू स्नेह वा सुरक्षाको लागि मानिसहरूमा निर्भर हुन्छन् । यो प्रायः मानवका भावनात्मक अवस्था वा सामाजिक आवश्यकताको परिपूर्ति गर्न निर्भर हुनेगर्छन् । मानवले आफ्नो स्वार्थका लागि जनावरमा शारीरिक निर्भरता देखाउँछ । खाना, आश्रय वा सुरक्षाको लागि मानिस जनावरमा भर पर्ने गर्छन् । यसप्रकारको निर्भरता प्रायः घरपालुवा, कैद गरिएका जनावरमा लागू हुनेगर्छ । जनावरलाई चिडियाघरमा थुन्ने, सर्कसमा प्रयोग गर्ने, सामान ढुवानी, खेतबारी जोत्ने आदि काममा मानव जनावरसँग बढी आश्रित भएको देखिन्छ । विकास निर्माणको काममा पनि जनावरप्रति ज्यादा निर्भर भएको देखिन्छ । मानवको पशुप्रतिको निर्भरतालाई *सिँगारी बाखा* कथामा यसरी प्रस्तुत गरेको छ ।

> "किनभने बाह्र-चौध घण्टा सन्तानलाई अविराम जन्म दिएर पण्डितपण्डितनीको कहिल्यै नमर्ने भोक मेटाउने प्रयत्न गर्दागर्दै उसले आफ्नो शरीरका एकएक अन्नका साथै आत्मासमेत शिथिल हुँदै गएको दिनप्रतिदिन अनुभव गर्न थालेकी थिई ।" (विकल, २०८१, पृ. १४९)

यसबाट के स्पष्ट हुन्छ भने मानिसको दैनिक जीवन, आस्था र आर्थिक अस्तित्व पशुको निरन्तर श्रम र बलिदानमा टिकेको छ । सिँगारी बाखाले निरन्तर सन्तान (दूध र मासुका स्रोत) उत्पादन गरेर पण्डितपण्डितनीको 'कहिल्यै नमर्ने भोक' मेटाएको छ । यसले मावन समाजको पशुप्रतिको आर्थिक र भावनात्मक निर्भरतालाई छर्लङ्ग बनाएको छ ।

*लाहुरी भैंसी* कथा केवल एक ग्रामीण परिवेशमा भैंसी किनबेचको कथामात्र होइन । यसले मानव र पशुबीचको भावनात्मक सम्बन्ध, मानव आकाङ्क्षा, सामाजिक-सम्बन्ध र पशुप्रति देखिने स्वार्थकेन्द्री व्यवहारलाई गहिरो ढङ्गले प्रस्तुत गरेको छ । यस कथालाई पशुमनोविज्ञानको दृष्टिबाट हेर्दा पात्र लुखुरे, उसको छोरो र उसको परिवारले भैंसीप्रति देखाएको व्यवहारमा पशुप्रतिको मानवीय संवेदना, आश्रय र उपयोगितामूलक दृष्टिकोण प्रस्ट झल्किन्छ । पशुलाई सामाजिक सान र व्यक्तिगत चिन्तनको प्रतीकको रूपमा पनि कथामा प्रस्तुत गरिएको छ ।

> बाबुले आँगनमा पाइला राख्नासाथ ऊ खुसीको आवेगले उफ्रिँदै गएर बाबुको दौराको फेर समातेर झुन्डिन पुगिसकेको थियो । 'बा, हाम्रो भैंसी त हो नि ।...भरे त यति ढुंग्रोभरि दूध दिन्छ बाबै ।... अनि मोही पार्ने । अनि धेरै घ्यू सहराँ लगेर बेचेर हाम्लाई राम्मो दौरा किन्ने ! किन्ने हगि बा ?...हगि भन्या...।' (विकल, २०६७, पृ. २६)

लुखुरे र उसको परिवारको सम्पूर्ण खुसी, सम्मान र भविष्यको सपना लाहुरी भैंसीसँग गाँसिएको छ । यसले मानवजीवन र जनावरप्रति कति गहिरो निर्भरता छ भन्ने बुझिन्छ ।

## सामाजिक व्यवहार

पशुमनोविज्ञानको सन्दर्भमा सामाजिक व्यवहारको अवधारणाले प्रायः वृत्ति, नैतिकता र मानवजनावर क्रियाकलापलाई जनाउँछ । जब साहित्यिक कृतिले मनोवैज्ञानिक आँखाबाट पशुसँगको सामाजिक व्यवहारलाई हेर्दछ तब मान्छेले

जनावलाई गर्ने व्यवहारमा मान्छे खासमा मानवीय बनिरहेको हुँदैन । मानवले सामाजिक व्यवाहरमा जनावरबाट पनि मान्छेले जस्तै व्यवहारको अपेक्षा गरेको हुन्छ । सापेक्षित रूपमा जनावरप्रति मान्छेको व्यवाहरको बढी क्रूर देखिएको छ ।

सिँगारीले उसको जवानीमा प्राप्त गरेको माया, स्याहार र सम्मानका दिनहरूको स्मरण गर्छ र वर्तमानसँग तुलना गर्छ । यो व्यवहार स्मृति क्षमताको सूचक हो जुन उन्नत स्तरको संज्ञानात्मक कार्य हो र यो जनावरमा पनि विद्यमान रहन्छ । उसले मान्छेसँगको सामाजिक व्यवहारको तुलना गरेको छ । अन्तिम अवस्थामा उसलाई निकै दुःख लागेको छ ।

त्यो दिन र यो दिन, त्यो व्यवहारमा र यो व्यवहारमा कति अन्तर छ । (विकल, २०८१, पृ. १५१)

सिँगारीले आफ्नो शरीरको क्षय, कमजोरी, दृष्टि कमजोर हुनु आदि सबै अनुभव गर्छ । उसले शारीरिक अवस्थालाई आत्म-सजग ढङ्गले बुझ्छ । आफ्नो शरीर जति जीर्ण बन्दै गयो उति नै घरमुलीले उसलाई दुर्व्यवहार गरेको ठान्छ ।

सामाजिक सम्बन्धका दृष्टिले सिँगारी आफुले परिवारका लागि दिएको योगदान (बोकाहरू जन्माउनु, सेवा गर्नु) थाहा पाउँछे र जब त्यो योगदानको मूल्याङ्कन हुँदैन ऊ भावनात्मक रूपमा कुण्ठित हुन्छ । यसले मान्छे र आफूका बीचको समाजिक सम्बन्धमा चित्त बुझाउँदैन ।

*लाहुरी भैंसी*लाई फरक फरक समयमा भिन्नाभिन्नै सामाजिक व्यवहार गरिएको छ । निकै टाढाबाट हिँडाएर ल्याएर जनावरप्रति निर्दयी व्यवहार देखाइएको छ । आरम्भमा भैंसीलाई मुसार्ने, माया गर्ने, भकारा सफा गर्दिने जस्ता कार्य गरेको लिखुरेले जब द्वारेबाबाट भैंसी खोटी भएको कुरा व्यक्त गर्छन् उसको मानसिकतामा परिवर्तन भएको छ । भैंसीप्रति उसको मोहभङ्ग हुन्छ र त्यसलाई फिर्ता गर्ने मानसिकतामा पुगेपछि भैंसीप्रतिको उसको व्यवाहर पूरै परिवर्तन भएको छ ।

सामाजिक सम्बन्धका हिसाबले द्वारेबा र अन्य गाउँलेले लाहुरी भैंसीलाई 'खोटी' वा 'धम्की' हो कि होइन भनेर मूल्याङ्कन गर्छन् । उनीहरूको ध्यान भैंसीको शारीरिक बनावट, दुध दिने क्षमता, नश्लमा केन्द्रित छ । भैंसीको प्रदर्शनमूलक मूल्यको विश्लेषण गरिएको छ । यसले के देखाउँछ भने समाजले पशुलाई अधिकतम उपयोगिताको आधारमा मूल्याङ्कन गर्ने गर्छन् ।

कल्चौंडो मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर ! (विकल, २०६७, पृ. २८)

यस दृष्टिकोणले पशुलाई केवल आर्थिक लाभको माध्यमबाट हेर्ने प्रवृत्तिलाई देखाउँछ, जुन पशुमनोविज्ञानको महत्त्वपूर्ण विमर्श हो जहाँ पशुको स्वायत्त अस्तित्व र भावनात्मक आवश्यकतालाई बेवास्ता गरेको देखिन्छ ।

सामाजिक सम्बन्धकै दृष्टिबाट मान्छेको सापेक्षित व्यवाहरलाई प्रकट गरेको छ । कथाको उत्तरार्धमा जब द्वारेबाले शङ्का गर्छन् भने भैंसी खोटो हुन सक्छ, तब लुखुरेको सम्पूर्ण व्यवहार परिवर्तन हुन्छ । उसले लाहुरीप्रति देखाएको स्नेह तुरुन्तै शङ्कामा बदलिन्छ, छोरी र पत्नीको व्यवहार पनि परिवर्तन हुन्छ । यहाँ पशुप्रति भावनात्मक संवेदना सशर्त र आधारभूत अपेक्षामा आधारित रहेको देखिन्छ ।

लुखुरे दुवै हातले पुर्पुरो समातेर आँगनमा बस्यो...सबै अनुहार ओइलाएका थिए । (विकल, २०६७, पृ. २९)

पशुमनोविज्ञानमा यस्तो व्यवहारले मानवपशु सम्बन्ध कति अस्थिर र लाभमा आधारित हुन सक्छ भन्ने देखाउँछ । जब पशुले प्रतिफल दिन छाड्छ उसको अस्तित्वको मूल्य घट्छ यो सापेक्षित दुरानूभूतिको दृष्टान्त हो ।

## प्रतीकात्मकता

*सिँगारी बाखा* कथा प्रतिकात्मक कथा हो । साहित्यमा पशुमनोविज्ञानको सन्दर्भमा प्रतीकवादले मानवभावना, द्वन्द्व, प्रवृत्ति वा सामाजिक व्यवहारलाई प्रतिबिम्बित गर्न प्रतीकात्मक उपकरणहरूको रूपमा जनावर तिनीहरूको अवलोकन गरिएको वा अनुमानित मनोवैज्ञानिक विशेषताहरू सहित प्रयोग गर्दछ । यसले नैतिकता (पशु व्यवहार) र साहित्यिक विश्लेषणलाई जोड्छ, प्रायः यसले तहगत अर्थ सिर्जना गर्दछ ।

साहित्यमा ब्वाँसोलाई धूर्त, डल्फिनलाई इमानदार, कुकुरलाई बफादर प्राणीको प्रतीकको रूपमा प्रयोग गरिएको हुनसक्छ । पिंजडामा राखिएको चराले इच्छा वा स्वतन्त्रताको दमनलाई प्रतिनिधित्व गर्न सक्छ । यस्तै सुगामैनालगायतका पन्छीलाई प्रतीकका रूपमा प्रयोग गरिएको हुन्छ । सर्पलाई विषालु, लाटोकोसेरोलाई बुद्धि र हुटिट्याउँलाई मृत्युको प्रतीकका रूपमा हेर्ने गरेको पाइन्छ । सिंहलाई साहस, प्रभुत्व वा दैवी अधिकारको प्रतीकको रूपमा प्रयोग गरेको देखिन्छ ।

मान्छेको अमावीय व्यवहार, ज्यादती, स्वतन्त्रा, मानवअधिकार, राजनीतिक लोककल्याण आदिलाई साङ्केतिक रूपमा बताउन साहित्यमा पशुमनोविज्ञानको प्रयोग गरिएको हुन्छ । यसको माध्यमबाट पशुमनोविज्ञानलाई पात्रको भित्री संसारलाई बाह्य जगतलाई जोड्ने सङ्केतका रूपमा प्रयोग गरिएको हुन्छ । *सिँगारी बाखा* कथा अतिभौतिक र स्वार्थी बन्दैगएको मानवको वास्तविकतालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने कथा हो ।

*लाहुरी भैंसी* कथामा गरिब वर्गको सपनाको प्रतीक हो । लुखुरेको घरमा आएको भैंसी केवल एउटा पशु होइन, उसको वर्षौंदेखिको आशा, सङ्घर्ष र सपनाको मूर्त रूप हो ।

> 'बा, हाम्रो भैंसी त हो नि ।...भने त यति ढुंग्रोभरि दूध दिन्छ बाबै ।...अनि मोही पार्ने । अनि धेरै घ्यू सहराँ लगेर बेचेर हाम्लाई राम्मो दौरा किन्ने ! किन्ने हगि बा ?... हगि भन्या...' (विकल, २०६७, पृ. २६)

समाजमा उच्च वर्गका व्यक्तिले निम्नमाथि गर्ने ईर्ष्या, सत्ताको खेल र शङ्काको जालोको प्रतीकका रूपमा आएको छ । द्वारेबा गाउँको सामन्ती मानसिकताको प्रतिनिधि पात्र बनेर उभिएका छन् कथामा । पात्र द्वारेबा सामन्ती समाजका शोषक, जो गरीबको सानो खुशी सहन सक्दैनन् । भैंसी ल्याएपछि लुखुरेको परिवारमा खुसी आएको छ । समाजमा विद्यमान वर्घसङ्घर्ष, थिचोमिचो, अन्याय र शोषणलाई बुझाउन प्रतीकात्मक रूपमा भैंसीलाई प्रयोग गरिएको छ ।

सिँगारीको कथाले जनावरको मनोविज्ञानको गहिरो चित्रण गर्दछ । ऊ केवल पशु हैन, ऊ अनुभूति, स्मृति, सामाजिकता, मूल्याङ्कन र आत्म-सम्मान राख्ने जीव हो । मानवले उसलाई केवल उपयोगिताको दृष्टिकोणबाट हेर्नाले ऊ असहाय र पीडित भएको अनुभव गर्छे । स्वार्थकेन्द्री सामाजिक सम्बन्ध र मानवले आफू आश्रित हुँदा गर्ने व्यवहार र उत्पादनमा कमी हुँदा गरेको दुर्व्यवहारले आजको मान्छेमा स्खलित हुँदै गएको समभावको भावनालाई नमीठोसँग अनुभूति गरेको देखाएर पशुमनोविज्ञानका दृष्टिले *सिँगारी बाखा* एक ज्वलन्त कथाको भन्ने भाव व्यक्त गरेको छ । यस कथामार्फत कथाकारलेले मानव र पशुबीचको सम्बन्धको गहिरो मनोवैज्ञानिक आयाम उजागर गरिदिएका छन् ।

*लाहुरी भैंसी*ले कथाले पशुमनोविज्ञानका थुप्रै आयामहरू उजागर गरेको छ । पशुप्रति मानवको स्नेह, स्वार्थ, आश्रय खोज्ने मनोवृत्ति र सामाजिक प्रतिस्पर्धामा पशुलाई प्रतीकको रूपमा प्रयोग गरिएको छ । पशु केवल भौतिक सम्पत्ति नभएर मानवीय संवेदना, पारिवारिक सम्बन्ध, बालमनोविज्ञान र सामाजिक मानअपमानसँग गहिरो रूपमा गाँसिएका हुन्छन् । रमेश विकलले यो कथामार्फत पशुलाई नितान्त मानवसम्बन्धको केन्द्रीय अङ्ग बनाएर मानवमनोविज्ञान र पशुमनोविज्ञानको अन्तर्सम्बन्ध प्रभावकारी ढङ्गले उजागर गरेका छन् ।

## निष्कर्ष

रमेश विकलका *सिँगारी बाखा* र *लाहुरी भैंसी* कथामा पशुमनोविज्ञानको प्रयोग अत्यन्त प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । जनावरप्रति मानवीय व्यवहार, संवेदना र सम्बन्धको चित्रण गर्दै यी कथाहरूले नेपाली साहित्यमा पशुजीवनलाई केवल उपयोगिताको दृष्टिले होइन, एक चेतनशील अस्तित्वको रूपमा चित्रण गरेका छन् । *सिँगारी बाखा* कथामा बाखाले भोगेको आत्मसम्बन्ध, सामाजिक उपेक्षा र अन्ततः जीवनको मूल्याङ्कनले उसको गहिरो मनोवैज्ञानिक अवस्थालाई उजागर गर्छ । ऊ आफ्नो मूल्य थाहा पाउने, प्रेमको अपेक्षा गर्ने र उपेक्षा हुँदा पीडित हुने चेतनशील पात्रको रूपमा देखिन्छ । त्यस्तै *लाहुरी भैंसी* कथामा बालक र भैंसीबीचको आत्मीयता, मानिसको स्वार्थपरक दृष्टिकोण र सामाजिक मूल्याङ्कनको आलोचना गरिएको छ । भैंसीलाई उपयोगितामात्र नभई अनुभूतिपूर्ण पात्रको रूपमा प्रस्तुत गरिएको छ जसले मानवीय व्यवहारको कठोरता र स्वार्थीप्रवृत्तिलाई प्रकट गर्छ । यी दुई कथामा प्रस्तुत गरिएको पशुमनोविज्ञान पर्यावरणीय साझेदारीका लागि देखिँदैन बरु *सिँगारी बाखा*मा स्खलित मानवीय गतिविध देखाउनको लागि प्रयोग गरिएको छ भने *लाहुरी भैंसी*मा उच्च वर्गले निम्म वर्गलाई गर्ने सामाजिक आर्थिक थिचोमिचोलाई प्रस्ट्याउँन सृजना गरिएको छ । यसबाट नेपाली साहित्यमा पशुमनोविज्ञानको प्रयोग अष्पष्ट वैचारिकी र असचेत रूपमा भएको देखिन्छ । यी दुवै कथामा जनावरहरू प्रतीकात्मक रूपमा प्रयोग भए तापनि तिनीहरू भित्रको भावनात्मक संसारको गहिरो अन्वेषण गरिएको छ । यद्यपि कथाले पाठकलाई आफ्नो पशुप्रति दृष्टिकोण पुनर्विचार गर्न बाध्य पार्छन् र पशुमाथि गरिने व्यवहारलाई मानवेतर दृष्टिकोणबाट हेर्न उत्प्रेरित गर्छन् । पशुमनोविज्ञानले नेपाली साहित्यमा पारिस्थितिकीय चेतना, सहअस्तित्वको धारणा र नैतिकताको पुनर्व्याख्या गर्न सक्ने साङ्केतिक ढोका खोलिदिएको छ । यस अध्ययनले पशुजीवनसँग सम्बन्धित साहित्यिक पाठलाई नयाँ दृष्टिले हेर्न मद्दत गर्नेछ र भविष्यका अनुसन्धानकर्ताहरूका लागि एक आधार बन्नेछ भन्ने विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

मैनाली, उमेश, (२०२५), रमेश विकलको कथा प्रवृत्ति, *साहित्यपोस्ट* https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/114680/

विकल, रमेश, (२०८१), *रमेश विकल समग्र (कथाखण्ड),* रमेश विकल साहित्य प्रतिष्ठान ।

विकल, रमेश, (२०६७), *नयाँ सडकका गीत,* चौथो संस्क., साझा प्रकाशन ।

Coetzee, J. M., & Gutmann, A. (Eds.). (1999). *The lives of animals*. Princeton University Press.

Gowdy, B. (1998). *The white bone*. Harper Flamingo Canada.

Griffin, D. R. (2001). *Animal Minds: Beyond Cognition to Consciousness*. University of Chicago Press.

Indira Gandhi National Open University. (n.d.). *Unit 2: Animal psychology*.eGyanKosh. https://www.egyankosh.ac.in/bitstream/123456789/61524/1/Unit2.pdf

Orwell, G. (1945). *Animal farm: A fairy story*. Secker and Warburg.

Sewell, A. (2015). *Black Beauty*. Broadview Press.

Weil, K. (2012). *Thinking Animals: Why Animal Studies Now?* Columbia University Press.